# आश्फोर्ड नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजना

# तथा

# प्रारम्भिक कोष संकलन नियम २०१८

## सगरमाथा गोर्खा/नेपाली मूल समिति तथा नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमिति आश्फोर्ड केन्ट



| शीर्षक | पृष्ठ |
|---|---|
| १. पृष्ठभूमि | २ |
| २. परिचय | २ |
| ३. यो मस्यौदा (दस्तावेज) को प्रमुख उदेश्यहरु | ३ |
| ४. नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजना के हो ? | ३ |
| ५. नेपाली घर/जग्गा खरिद तथा निर्माण किन आबस्यक छ ? | ४ |
| ६. नेपाली घर/जग्गा खरिद तथा निर्माणको स्थान | ४ |
| ७. नेपाली घर/जग्गा खरिद तथा निर्माण उदेश्य प्रतिको लागि आबश्यक मापदण्डहरु | ४ |
| ८. अनुमानित लागत | ५ |
| ९. अनुमानित कोष संकलन | ६ |
| १०. नेपाली घर/जागा खरिद तथा निर्माण परियोजनाको उदेश्य | ६ |
| ११. नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनालाई किन चन्दा दिने ? | ७ |
| १२. नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनाको को हुन् चन्दा दाताहरु ? | ७ |
| १३. नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनालाई चन्दा कसरी दिने ? | ८ |
| १४. चन्दा अनुदान | १० |
| १५. नेपाली घर/जग्गा तथा अन्य सुबिधाको प्रयोग गर्दा दाताहरुले उपभोग गर्न पाउने सुबिधा | ११ |
| १६. बैंक र चन्दा रकमको सुरक्षा | ११ |
| १७. दाताहरुले गरेको योगदानको कदर | १२ |
| १८. कास्य (Bronze) श्रेणीका दाताहरु | १२ |
| १९. रजत (Silver) श्रेणीका दाताहरु | १२ |
| २०. स्वर्ण (Gold) श्रेणीका दाताहरु | १२ |
| २१. प्लाटिनम (Platinum) श्रेणीका दाताहरु | १३ |
| २२. हिरा (Diamond) श्रेणीका दाताहरु | १३ |
| २३. सो इच्छाले चन्दा दिन चाहने दाताहरु | १३ |
| २४. खर्च | १३ |
| २५. परियोजना कार्यको लागि तोकिएको समयावधि | १३ |
| २६. नेपालि घर/जग्गा खरिद तथा निर्माण उपसमिति गठन | १४ |
| २७. नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमितिको काम, कर्तब्य र अधिकारहरु | १४ |
| २८. किस्तामा बुझाउने रकम चुक्ता हुन्न नसकेमा | १८ |
| २९. यदी नेपाली घर/जग्गा खरिद तथा निर्माण गर्न नसकिएमा | १८ |
| ३०. यस परियोजनाले लक्ष पुरा गरि सकेपछि | १९ |
| ३१.सारांश | १९ |
| ३२. प्रारम्भिक कोष संकलन नियमको अनुमोदन | १९ |

## १.	पृष्टभुमी

भौगोलिक बिबिधताले भरिएको हाम्रो सुन्दर देश, मातृभूमि नेपाल, हामी नेपाली, आकस्मिक रुपमा २००४ साल देखि र पूर्ण रुपमा २००९ साल देखि सबै अबकास प्राप्त गोर्खा सैनिक र तिनका आश्रित सन्तानहरु बेलायतमा आबासिय अधिकार प्राप्त गरे पस्चात यहाँ आएर बसोबास गर्न र बिधार्थी लगायत अन्य भिषामा बेलायत आई बसोबास गर्न अधिकार प्राप्त सबै नेपालीहरुले बसोबास गर्ने अवसर पाएपछि बेलायतको बिभिन्न स्थानहरुमा बसोबास गर्दै आई रहेका छौ र त्यसै समय देखि आश्फोर्डमा पनि बसोबास गर्ने क्रम बढ्दै गयो र हाल आएर नेपालीहरुको बसोबास निकै बाक्लिएको छ भने यो क्रम निरन्तर रही रहनेछ।

हामी नेपाली हाम्रो देश नेपाल प्राकृतिक सौन्दर्यताले भरिपूर्ण भएको देश हामी स्वाभिमानी हाम्रो चाल चलन, रीतिथितिहरु यहाँका बेलायतीको भन्दा पृथक छ, यस हिसाबले हामी आफ्नो संस्कार र सस्कृतिको धनी मानिन्छौ, तर यहि पृथक भएकै कारण बेलायतमा हामी नेपालीहरुको हाम्रा बिभिन्न उमेर समुहका ब्याक्तित्वहरुको जमघट गर्न सक्ने साझा थलोको रुपमा र बिभिन्न तालिम, उत्सब, सभा सेमिनार, धर्म सस्कार, बिबाह भोज, पास्नी जन्मदिन सामुहिक भेटघाट बिभिन्न जातिहरुको मौलिक, धार्मिक कार्यक्रम, बिभिन्न धार्मिक समुदायहरुको धार्मिक कार्यक्रम प्रबचन पुजा, आराधना र मृत्यु संस्कार गर्ने ठाउँ जस्ता कार्य गर्नको लागि आश्फोर्डमा हलहरु हाम्रो लागि करिब-करिब बन्द भै सकेको अबस्थामा छ।

आफै सित लिएर आएको मूर्त अमूर्त संस्कृतिहरु बचाउदै र संरक्षण गर्दै भाबी पिँढीमा हस्तान्तरण गर्दै लानु पर्ने चुनौती महसुस गर्दै, तत्कालिन सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्डका अध्यक्ष श्री नरेन्द्र कुमार लिम्बु ज्युले सन् २०११ मार्चको बार्षिक साधारण सभामा पहिलो पटक संस्थाको आफ्नै समाजको भवन (Community Hall) अर्थात् नेपाली घरको आबश्यकता रहेको र खरिद तथा निर्माण गर्नुपर्ने कार्यसूची पेश गर्दा उत्साहजनक समर्थन सहित बहुमतले पारित गर्दै कार्यन्वयनको प्रक्रिया अघि बढाईएको थियो र हरेक कार्य समितिले आफ्नो कार्यकाल भित्र परियोजनालाई निरन्तता दिनको लागि च्यारिटी कार्यक्रम र अन्य आर्थिक संकलन कार्यहरु हरेक कार्यसमितिले आफ्नो कार्यकालमा निरन्तर गरि आएको थियो।

## २.	परिचय

बेलायतको दक्षिण पूर्वमा रहेको सुन्दर नगरी आश्फोर्डमा बसोबास गर्ने हामी सबै नेपालीहरुलाई एकताबध्द बनाउने उदेस्यले समाजका अगुवाई ब्याक्तित्वहरुबाट एउटा छुट्टै पहिचान र अस्तित्व बोकेको सगरमाथा गोर्खा/नेपाली समाज नामक संस्था ई.बि. सम्बत २००४ सालमा स्थापना भयो। मिति १ अप्रिल २०१७ बाट च्यारिटेबल संस्थामा दर्ता नम्बर ११७५३१५ मा दर्ता भइ संचालन हुँदै आएको छ।

सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्ट नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजना ८ औ अधिवेसनले चक्रबहादुर राईको अध्यक्षतामा बनेको नयाँ कार्य समितिले गत ९ जुन २०१८ को दिन आश्फोर्डमा सम्पन्न भएको पूर्ण बैठकबाट कार्यन्वयनमा ल्याएको छ।

ततपश्चात यस समितिले समितिका पूर्व अध्यक्षहरु श्री नरेन्द्र लिम्बू संयोजक, श्री पोपीराज राई सचिब, श्री श्रीप्रसाद लिम्बू कोषाध्यक्ष रहने गरी जम्मा २१ जनाको नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमितिको गठन भयो । त्यसैगरी ३ जनाको प्रचार प्रसार समिति, ३ जना मोर्गेज एड्भैजरी समिति, ३ जना जनसम्पर्क समिति सहितको नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमितिहरुको गठन गरिएको छ।

## ३. यो मस्यौदा (दस्तावेज) को प्रमुख उदेश्यहरु

१) नेपाली घर/जग्गाको आबश्यकता माथि प्रकाश पार्नु।

२) नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजना को निमित गरिने चन्दा संकलनको आधारभूत कार्य विधिको बारेमा स्पस्ट पार्नु।

३) नेपाली घर/जग्गा खरिदको निमित सगरमाथा/गोर्खा नेपाली समाज आश्फोर्डका सदस्यहरुलाई चन्दा प्रदान गर्न प्रोत्साहन गर्नु।

४) अझै सम्म सगरमाथा गोर्खा/नेपाली समाजमा सदस्यको रुपमा दर्ता नभएका आश्फोर्ड बासी नेपालीहरुलाई यस परियोजनाको लागि चन्दा दिन प्रोत्साहन गर्नु।

५) गैर नेपालीहरुलाई यस परियोजनामा सहयोग गर्न प्रोत्साहन गर्नु।

६) नेपाली घर/जग्गा खरिद परियोजनाकोलागी सहयोग जुटाउन बिभिन्न च्यारीटेबल संघ संस्था तथा स्थानीय बरो काउन्सिल सँग सम्पर्क राख्नु।

७) उदार भावनाले चन्दा प्रदान गर्ने दाताहरुको अमुल्य योगदानको उच्च मूल्याङ्कन गर्नु।

## ४. नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजना के हो ?

सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्ट को आफ्नै स्वामित्वमा चलाउने नेपाली घर नामक कम्मुनिटी हल जसमा बैठक, सम्मेलन का साथै समाजका बिभिन्न क्रियाकलापहरु सञ्चालन गर्न र नेपालीहरुको मौलिक संस्कार-संकृति र इतिहासको संरक्षण गर्नको निमित आबश्यक नेपाली घर/जग्गा खरिद तथा निर्माण गर्ने एक ऐतिहासिक परियोजना हो। हामी बिस्वस्त छौ कि यस परियोजनाले हाम्रो संस्कृति र परम्पराहरु आउँदो धेरै बर्षहरु सम्म जिबन्त राख्नको निमित आश्फोर्ड बरो काउन्सील भित्र बसोबास गर्ने सम्पूर्ण जात जाति नेपालीहरुलाई एकताको सुत्रमा बांधने छ।

## ५. नेपाली घर/ जग्गा खरिद तथा निर्माण किन आबस्यक छ ?

बिभिन्न महत्वपूर्ण कारणहरुले नेपाली घर/जग्गा खरिद तथा निर्माणको जरुरत पर्दछ। आबश्यकताका निम्न महत्वपूर्ण कारणहरु:

१) नेपाली संस्कृति, परम्परा, पहिचान र नैतिक मुल्यमान्यतालाई कायम राख्दै यसको सम्बर्दन गर्न।

आश्फोर्ड केन्टको आसपासमा बसोबास गर्ने नेपाली समुदाय र अन्य आम समुदायहरुलाई नियमित कार्य सभा सम्मेलन र अन्य बिबिध कार्यक्रमहरु संचालनका लागि सहजता प्रदान गर्न।

२) वृध्द-बृध्दा तथा आमा-बाबाहरु भेला भएर बस्न र आबस्यक कागजातको काम र साधारण कसरत वा योगा गर्न गराउन।

३) साना साना नानीहरुलाई नेपाली शिक्षा दिलाउन।

४) सबैको लागि स्वास्थ्य सम्बन्धि जानकारी गराउने ठाउँ उपलब्ध गराउन।

५) गीत संगीत र साहित्य प्रेमीहरुको लागि अभ्यास गर्ने ठाउँ उपलब्ध गराउन।

६) आश्फोर्ड क्षेत्रमा बसोबास गर्नुहुन्ने सम्पूर्ण नेपालीहरुलाई एकजुट गराउन।

७) नेपाली घरलाई सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्टको विभिन्न क्रियाकलापको निमित सदुपयोग गर्न।

८) नेपाली घरलाई सगरमाथा/गोर्खा नेपाली समाज आश्फोर्ड केन्टको स्थाई कार्यालयको रुपमा प्रयोग गर्न।

## ६. नेपाली घर/जग्गा खरिद तथा निर्माणको स्थान

आश्फोर्ड बरो काउन्सील क्षेत्र भित्र वा टाउन सेन्टर देखि ५माइल सम्मको क्षेत्रफल भित्रको क्षेत्रमा।

## ७. नेपाली घर/जग्गा खरिद तथा निर्माण उदेश्य प्रतिको लागि आबश्यक मापदण्डहरु

१)	छोटो अबधि अथवा दिर्घकालिन समयको लागि घर/जग्गा सँग सम्बन्धित हुनु पर्ने निम्न आबश्यक आधारभूत मापदण्डहरु

क.	हल भए २००-२५० जना सम्मको अटाउन सक्ने क्षमता।

ख.	टहरा (कटेज/फार्म/बार्न) सहितको कम्तिमा २ - १० एकर सम्मको खुल्ला र समथल जग्गा, जसमा ग्यास, ढल, पानी र बिजुलीको सुबिधा भएको।

ग.	कुनै कार्य योजना सम्पन्न गर्न अनुमति प्राप्त भई सकेको वा कुनै प्रयोजनको लागि परिबर्तन गर्न अनुमति प्राप्त भई सकेको भए उतम हुनेछ।

घ.	कुनै प्रकारको सवारी साधन सजिलै प्रवेश र निकास हुन सक्ने ठाउँ।

ङ.	बासस्थान, गाउँ, शहर र अन्य कुनै अनाबस्यक आकर्षणबाट अलग।

च.	बिभिन्न अबरोधहरु जस्तै टेलिग्राफका खम्बा, दलदल, सिमसार वा खाडल नभएको स्थान हुनु जरुरी छ।

२)	यि माथिका सम्पूर्ण मापदण्ड पुरा भएको घर/जग्गा सजिलै पाउन कठिन भएकोले यस कार्यमा ज्यादै नै ढिलो सुस्तिहुन गएमा घर/जग्गा खरिद समिति (PPWC) ले बैठक बसी एक ठोस निर्णय गर्नेछ र हामीलाई आबस्यक पर्ने अर्थ संकलन तयार भइ सकेपछी घर वा जग्गा खरिद कार्य सम्पन्न गरिनेछ।

३)	घर/जग्गा खरिद शुरु भएदेखि ६ महिना भित्र कुनै ठोस निर्णय भई सकनु पर्दछ।

४)	यदि ६ महिनामा समयको अन्त्य सम्ममा पनि उपयुक्त स्थानमा उपयुक्त घर/जग्गा तोक्ने कार्यमा सहमति नभए संयोजक टिम र सगरमाथा गोर्खा/नेपाली समाजका अध्यक्षबाट यस बिषयमा अन्तिम धारणा व्यक्त हुनेछ।

## ८.	अनुमानित लागत

आश्फोर्ड बरो काउन्सीलमा सबै प्रकारको सुविधालाई ध्यानमा राख्दै उपयुक्त स्थानमा एउटा नेपाली घर नामक हल वा भवन किनिनेछ। अथवा २-४ एकर सम्मको जग्गा खरिद गरिनेछ र त्यस पछि हल बनाइनेछ। यि कार्यका लागि अनुमानित लागत निम्न अनुसार हुनेछ।

१)	हल खरिद:	£६०००००.००

२)	जग्गा खरिद:	£२५०,००० - £३०००००.००

३)	हल  निर्माण लागत:	£३५०,०००.००

माथि उल्लेखित अनुमानित लागत घर/जग्गाको मूल्य र संकलित रकमको आधारमा थपघट हुन सकने छ।

जम्मा अनुमानित लागत:	£६५०,०००.००

माथि उल्लेखित अनुमानित लागतको मुख्य श्रोत भनेको आश्फोर्ड भित्र बसोबास गर्ने नेपाली समाजका सदस्यहरु लगायत इच्छुक  गैर सदस्य, गैर नेपाली साथै अन्य सरकारी निकाय संघ/संस्था वा  ब्यापारीहरुबाट व्यक्तिगत वा संस्थागत रुपमा प्राप्त आर्थिक सहयोग वा अनुदान नै प्रमुख हुनेछ। त्यसैले सम्पूर्णमा सहयोगका लागि फेरि पनि हार्दिक अनुरोध गरिएको छ।

## ९.	अनुमानित कोष संकलन

| | | |
|---|---|---|
| कास्य (bronze) श्रेणीका दाताहरुबाट | ३५० x £५०० | £१७५,००० |
| रजत (Silver) श्रेणीका दाताहरुबाट | १५० x £१००० | £१५०,००० |
| स्वर्ण (Gold) श्रेणीका दाताहरुबाट | ५० x £१५०० | £७५,००० |
| प्लाटिनम (Platinum) श्रेणीका दाताहरुबाट | २५ x £२००० | £५०,०००० |
| हिरा (Diamond) श्रेणीका दाताहरुबाट | ५ x £२५०० + | £१२,५०० |
| आश्फोर्ड बरो काउन्सिलबाट | £५०,००० | £५०,००० |
| अन्य संघ  संस्थाबाट | £१०००० | £१०००० |
| सो इच्छा  चन्दा दाताहरुबाट | £५००० | £५००० |
| उठ्ने जम्मा रकम | | £५,२७,५०० |
| २५% ले ट्याँक्स् रिलिफ बाट जम्मा रकम | | £१३१८७५ |
| उठ्ने जम्मा रकम + २५% ट्याँक्स् रिलिप  जम्मा | | £६५९३७५ |

## १०.	नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनाको प्रमुख उदेस्यहरु

१)	सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्डलाई भौतिक रुपमा सवल र सक्षम बनाउनु।

२)	नेपाली जातिको पहिचान र अस्तित्वलाई मूर्तरुप दिन योगदान पुर्याउनु।

३)　　आश्फोर्ड बरो काउन्सील भित्र छरिएर बसेका नेपाली मूलका विभिन्न जातजातिहरुसँग निरन्तर सम्पर्क र समन्वय कायम गर्ने एक निश्चित स्थानको ब्यबस्था गर्नु।

४)　　न्यूनतम शुल्कमा सम्पूर्ण जात जातिहरुको कुनै पनि सभा, समारोह, धार्मिक संस्कार तथा साँस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्ने साझा स्थलको रुपमा प्रयोग गर्नु।

५)　　हाम्रो समुदायमा परिआएको मरोपरो वा काजक्रियाको संस्कार गर्न मिल्ने स्थलको रुपमा स्थापना गर्नु।

६)　　भाषा, संस्कार र संस्कृतिलाई पुस्तान्तरण गर्ने पाठशालाको रुपमा स्थापना गर्नु।

**११.　नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनालाई किन चन्दा दिने ?**

१)　　यो ऐतिहासिक परियोजना मार्फत हाम्रो पहिचान र मूल्यमान्यतालाई संरक्षण गर्दै हाम्रो पहिचानलाई स्थानीय समाजमा स्थापित गराउन।

२)　　हाम्रो सामाजिक मुल्य र मान्यताका बारेमा नयाँ पुस्तालाई हस्तान्तर गर्न।

३)　　हामीलाई हाम्रो नियमित र बार्षिक क्रियाकलापहरु सम्पन्न गर्न साथै हाम्रो सामाजिक कर्मकाण्डका क्रियाकलापहरु सम्पन्न गर्न उपयुक्त नेपाली घर अथवा खुल्ला जग्गाको आबस्यक भएको हुनाले।

**१२.　नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनाको लागि को हुन् चन्दा दाताहरु ?**

निम्न व्यक्तिहरु, संघ संस्था तथा निकायहरु मुख्य दाता सुचिमा पर्ने इकाइहरु हुन्।

१)　　सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्डका सम्पूर्ण सदस्य र परिवार।

२)　　आश्फोर्ड भित्र र आश्फोर्ड बाहिर रहेका गैर नेपाली र सुभ-चिन्तकहरु।

३)　　स्थानीय ब्याबसाय तथा संघ संस्थाहरु।

४)　　स्थानीय, क्षेत्रीय साथै राष्ट्रिय स्तरका परोपकारी संघ संस्थाहरु।

५)　　स्थानीय तथा राष्ट्रिय सरकार।

६)	आफ्नो मृत्यु पश्चात इच्छा पत्र मार्फत आफ्नो सम्पति सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्डलाई हस्तान्तरण गर्न चाहने ब्यात्तिहरु।

## १३. नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनालाई चन्दा कसरी दिने ?

१)	तलका मध्ये कुनै एक माध्यम बाट चन्दा बुझाउन सकिनेछ।

क.	अनलाईन ट्रान्सफर (विधुतीय माध्यमबाट )

ख.	बैंकमा नगद जम्मा गर्ने

ग.	बैंक चेक प्रयोग गर्ने

घ.	किस्ता बन्दीमा रकम बुझाउने

२)	बैंक विवरण निम्न अनुसार रहेको छ।

क.	बैंक खाता मा उलेखित नाम: Sagarmatha Gurkha Community

ख.	बैंक: HSBC

ग.	सर्ट/कोड: 40-08-32

घ.	खाता न: 51748149

३)	अनलाईन ट्रान्सफर (बिधुतिय पद्धतिबाट कारोबार गर्ने)

क.	सगरमाथा गोर्खा/नेपाली समाजका सदस्यहरुलाई आफ्नो सदस्यता संख्या र पुरा नाम Reference स्तम्भमा लेख्नु पर्नेछ।

ख.	गैर सगरमाथा गोर्खा/नेपाली समाजका सदस्यहरु (अन्य दाताहरु )ले आफ्नो पुरा नाम Reference स्तम्भमा लेख्नु पर्नेछ जसबाट रकम कुन व्यक्तिबाट प्राप्त भएको हो भन्ने थाहाँ पाउन सजिलो हुनेछ |

ग.	कोषाध्यक्ष श्रीप्रसाद लिम्बुलाई ईमेल मार्फत खबर गर्नु पर्नेछ।

घ.	ईमेलमा दाताको पुरा नाम, अनुदान गरेको जम्मा रकम र कारोबार भएको मिति समेत उल्लेख गर्नु पर्नेछ वा बैकल्पिक रुपमा दाताको नाम, अनुदान रकम र कारोबार भएको मिति उल्लेख गरि कोषाध्यक्ष श्रीप्रसाद लिम्बुलाई 07737 606510 मा टेक्स्ट गरि जानकारी गर्नु पर्नेछ।

४)	बैंक काउन्टरमा रकम जम्मा गर्ने।

क.	कुनै पनि बैंकमा गई तपाईहरुले सगरमाथा गोर्खा/नेपाली समाजको खरिद समिति (PPWC) को बैंक खातामा चन्दा रकम जम्मा गर्न सक्नु हुनेछ।

ख.	सगरमाथा गोर्खा/नेपाली समाजका सदस्यहरुले चन्दा रकम जम्मा गर्दा आफ्नो सदस्यता संख्या र पुरा नाम साथै (PPWC) Referance स्तम्भमा उल्लेख गर्न बैंक कर्मचारीलाई अनुरोध गर्नु पर्नेछ।

ग.	कोषाध्यक्ष श्रीप्रसाद लिम्बुलाई ईमेल मार्फत खबर गर्नु पर्नेछ।

घ.	ईमेलमा दाताको पुरा नाम, अनुदान गरेको जम्मा रकम र कारोबार भएको मिति समेत उल्लेख गर्नु पर्नेछ वा बैकल्पिक रुपमा दाताको नाम, अनुदान रकम र कारोबार भएको मिति उल्लेख गरि कोषाध्यक्ष श्रीप्रसाद लिम्बुलाई 07737 606510 मा टेक्स्ट गरि जानकारी गर्नु पर्नेछ।

५)	बैंक चेकबाट भुक्तानी

क.	बैंक चेकबाट चन्दा रकम बुझाउदा "Sagarmatha Gurkha Community" को नाममा चेक बनाउन पर्नेछ।

ख.	चेकलाई चिठीको खाम भित्र बन्द गरि नेपाली घर/जग्गा खरिद समितिका सदस्यहरुलाई हस्तान्तर वा निम्न ठेगानामा पत्र मंजुस गर्नु पर्नेछ।

Mr Shreeprasad Limbu
16 Yew Close
Godington park

Ashford, Kent, TN23 3JZ

ग. दाताको पुरा नाम, नेपाली समाजको सदस्यता संख्या र सम्पर्क नम्बर एउटा अलग कागजमा उल्लेख गरि पठाउनु पर्नेछ ताकि दाताको बिबरण ठिक तरिकाले अभिलेख राख्न र सो दातालाई रकम पाएको सुचित गर्न सकियोस ।

६) किस्ता बन्दीमा रकम बुझाउने

क. किस्ता बन्दीमा रकम बुझाउदा निम्नानुसार कुनै एक वा बढि तरिकाबाट रकम जम्मा गर्न सकिनेछ ।

(१) चेक

(२) क्यास

(३) अनलाईन

(४) स्टान्डिङ अर्डर

(५) डाइरेक्ट डेविड

ख. दस्यहरुले चन्दा रकम जम्मा गर्दा आफ्नो सदस्यता संख्या र पुरा नाम साथै (PPWC) Referance स्तम्भमा उल्लेख गर्नु पर्नेछ।

ग. कोषाध्यक्ष श्रीप्रसाद लिम्बुलाई ईमेल वा टेक्स्ट मार्फत जानकारी दिनु पर्नेछ।

घ. जानकारी गराउँदा दाताको पुरा नाम, जम्मा अनुदान रकम र कारोबार भएको मिति समेत उल्लेख गर्नु पर्नेछ।

## १४. चन्दा/अनुदान

२१ अक्टुबर २०१८ मा सगरमाथा गोर्खा/नेपाली समाजको मास मिटिंगमा नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमितिको प्रेजेन्टेसन्मा सहमत भए अनुसार यस परियोजनालाई प्रभाबकारिताको साथ अगाडि बढाउन कम्तिमा £५०० र सो भन्दा बढी सके सम्मको चन्दा अनुदान गर्न सदस्यहरुलाई प्रोत्साहन गराउने सहमत भएको थियो। तोकिएको रकम अनिबार्य रुपमा बुझाउने कुनै बाध्यता नभए पनि प्रायस: सबै

सदस्यहरुले उत्साहको साथ यो साझा परियोजनालाई सफल पार्न चन्दा अनुदान गरी सक्दो सहयोग गर्नु हुनेछ भन्ने बिश्वास लिईएको छ ।

## १५. नेपाली घर/जग्गा तथा अन्य सुबिधाको प्रयोग गर्दा दाताहरुले उपभोग गर्न पाउने सुबिधा र फाइदा

१) £५०० देखि £९९९ सम्म योगदान गर्ने सदस्यहरुले बर्षमा दुई पटक ५% छुट सहित नेपाली घर तथा अन्य सुबिधाको प्रयोग गर्न सक्ने प्राबधान हुनेछ ।

२) £१००० देखि £१४९९ सम्म योगदान गर्ने सदस्यहरुले बर्षमा दुई पटक १०% छुट सहित नेपाली घर तथा अन्य सुबिधाको प्रयोग गर्न सक्ने प्राबधान हुनेछ ।

३) £१५०० देखि £१९९९ सम्म योगदान गर्ने सदस्यहरुले बर्षमा दुई पटक १५% छुट सहित नेपाली घर तथा अन्य सुबिधाको प्रयोग गर्न सक्ने प्राबधान हुनेछ ।

४) £२००० देखि £२४९९ सम्म योगदान गर्ने सदस्यहरुले बर्षमा दुई पटक २०% छुट सहित नेपाली घर तथा अन्य सुबिधाको प्रयोग गर्न सक्ने प्राबधान हुनेछ ।

५) £२५०० वा सो भन्दा बढी रकम योगदान गर्ने सदस्यहरुले बर्षमा दुई पटक २५% छुट सहित नेपाली घर तथा अन्य सुबिधाको प्रयोग गर्न सक्ने प्राबधान हुनेछ ।

६) सो बिशेष छुटको प्रावधानलाई उपभोग गर्न दाताहरुले गैर दाताहरुको निमित नेपाली घर तथा अन्य सुबिधाको प्रयोग गर्न अनुमति दिईने छैन ।

## १६ . नेपालली घर/जग्गा खरिद तथा निर्माण परियोजनाको बैंक र चन्दा रकमको सुरक्षा

१) चन्दा रकम ब्यबस्थापन र लागतको सम्पूर्ण जिम्मेवारी नेपाली घर/जग्गा खरिद समिति (PPWC) का कोषाध्यक्ष, मेन समितिको कोषाध्यक्ष साथै संयोजकहरुको सहयोगमा बहन गर्नेछ ।

२) संकलित सम्पूर्ण चन्दा रकम माथि क्रम सं. १०.२ मा उलेखित Sagarmatha Gurkha Community को बैंक खातामा जम्मा गरिने छ ।

३) सगरमाथा गोर्खा/नेपाली समाज मिति १ अप्रिल २०१७ बाट च्यारिटेबल संस्थामा दर्ता नम्बर ११७५३१५ मा दर्ता भइ संचालन हुँदै आएको छ र सम्पूर्ण आय व्यय र सहयोग रकम च्यारीटिको नियम अनुसार लेखा परिक्षणले दिएको सुझाब अनुसार कार्य हुनेछ ।

४) बैंक खाताबाट कुनै रकम चलानी गर्न हस्ताक्षर गर्न इजाजत प्राप्त तोकिएको व्याक्तिहरुको संयुक्त हस्ताक्षरबाट हुनेछ।

५) इजाजत प्राप्त व्यक्तिहरुमा संस्थाका अध्यक्ष, कोषाध्यक्ष साथै संस्थाको महासचिब हुनेछन्।

## १७. नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनाका दाताहरुले गरेको योगदानको कदर

बिभिन्न ब्याक्ति र संघ/संस्थाले गरेको आर्थिक योगदानको मुल्य मापन निम्न तालिका अनुसार गरिनेछ।

| Contribution | Certificate | Bronze | Silver | Gold | Platinum | Diamond + Photo |
|---|---|---|---|---|---|---|
| £500-999 | Mr/Mrs | Mr/Mrs | | | | |
| £1000-1499 | Mr/Mrs | | Mr/Mrs | | | |
| £1500-1999 | Mr/Mrs | | | Mr/Mrs | | |
| £2000-2499 | Mr/Mrs | | | | Mr/Mrs | |
| £2500+ | Mr/Mrs | | | | | Mr/Mrs |

तालिका १.१

## १८. कास्य ( Bronze) श्रेणीका दाताहरु

कम्तिमा £५०० देखि £९९९ सम्म योगदान गर्ने व्यक्तिहरुलाई कास्य श्रेणीका रुपमा बर्गीकरण गरिएको छ। (माथिको तालिका न १.१ हेर्नुहोस) दाताहरुको नाम (श्रीमान/श्रीमती वा बिबाह भइ नसकेको भए सो सरह) कास्य श्रेणी दाता नामावली शिला बोर्डमा लेखिन्छ। यस श्रेणीका दाताहरुलाई कास्य (Bronze ) प्रमाण पत्रले सम्मान गरिनेछ, साथै सगरमाथा गोर्खा/नेपाली समाजको सदस्य नभए स्वत: सदस्य हुने प्राबधान गरिनेछ।

## १९. रजत (Silver) श्रेणीका दाताहरु

£१०००-१४९९ सम्म योगदान गर्ने व्यक्तिहरुलाई रजत श्रेणीका रुपमा बर्गीकरण गरिएको छ। (माथिको तालिका न १.१ हेर्नुहोस) दाताहरुको नाम (श्रीमान/श्रीमती वा बिबाह भइ नसकेको भए सो सरह) रजत श्रेणी दाता नामावली शिला बोर्डमा लेखिन्छ। यस श्रेणीका दाताहरुलाई रजत (Silver) प्रमाण पत्रले सम्मान गरिनेछ, साथै सगरमाथा गोर्खा/नेपाली समाजको सदस्य नभए स्वत: सदस्य हुँने प्राबधान गरिनेछ।

## २०. स्वर्ण (Gold) श्रेणीका दाताहरु

£१५००-१९९९ सम्म योगदान गर्ने व्यक्तिहरुलाई स्वर्ण श्रेणीका रुपमा बर्गीकरण गरिएको छ। (माथिको तालिका न १.१ हेर्नुहोस) दाताहरुको नाम (श्रीमान/श्रीमती वा बिबाह भइ नसकेको भए सो सरह) स्वर्ण श्रेणी

दाता नामावली शिला बोर्डमा लेखिनेछ। यस श्रेणीका दाताहरुलाई स्वर्ण (Gold) प्रमाण पत्रले सम्मान गरिनेछ, साथै सगरमाथा गोर्खा नेपाली समाजको सदस्य नभए Autometic सदस्य हुँने प्राबधान गरिनेछ।

## २१. प्लाटिनम (Platinum) श्रेणीका दाताहरु

£२०००-२४९९ सम्म योगदान गर्ने व्यक्तिहरुलाई प्लाटिनम श्रेणीका रुपमा बर्गीकरण गरिएकोछ। (माथिको तालिका न १.१ हेर्नुहोस) दाताहरुको नाम (श्रीमान/श्रीमती वा बिबाह भइ नसकेको भए सो सरह) प्लाटिनम श्रेणी दाता नामावली शिला बोर्डमा लेखिनेछ। यस श्रेणीका दाताहरुलाई (Platinum) प्रमाण पत्रले सम्मान गरिनेछ साथै सगरमाथा गोर्खा नेपाली समाजको सदस्य नभए स्वत: सदस्य हुने प्राबधान गरिनेछ।

## २२. हिरा (Diamond) श्रेणीका दाताहरु

£२५०० वा बढि योगदान गर्ने व्यक्तिहरुलाई हिरा श्रेणीका रुपमा बर्गीकरण गरिएको छ। (माथिको तालिका न १.१ हेर्नुहोस) दाताहरुको नाम (श्रीमान/श्रीमती वा बिबाह भइ नसकेको भए सो सरह) हिरा श्रेणी दाता नामावली शिला बोर्डमा लेखिनेछ, साथै श्रीमान श्रीमतीको तस्बिर Community Hall मा रखिन्ने छ। यस श्रेणीका दाताहरुलाई हिरा (Diamond) प्रमाण पत्रले सम्मान गरिनेछ साथै सगरमाथा गोर्खा/नेपाली समाजको सदस्य नभए स्वत: सदस्य हुने प्राबधान गरिनेछ।

## २३. स्वेच्छाले चन्दा दिने दाताहरु

स्वेच्छाले यो परियोजनालाई सहयोग चन्दा दिने दाताहरुबाट भएको जतिसुकै योगदानलाई स्वीकार गरिनेछ र उहाँहरुको नाम बहि खातामा अभिलेख राखिनेछ।

## २४. खर्च

चन्दा रकमको प्रयोग क्रम सं: १० उद्देश्य र आबस्यकतामा वर्णन भए अनुसार मुख्य उद्देश्य प्राप्त गर्न बाहेक अन्य प्रयोजनको निमित गरिने छैन। आर्थिक कारोबारका सम्पूर्ण अभिलेखहरु आन्तरिक वा बाहिरी लेखा परीक्षक द्वारा गरिने छ र लेखापरीक्षण सदा सुरक्षित राखिने छ।

## २५. परियोजना कार्यको लागि तोकिएकोका समयावधि

| मुख्य कार्य | चरण-१ | चरण -२ | चरण-३ | चरण -४ |
|---|---|---|---|---|
| पावर प्वाइन्ट प्रेजेन्टेसन् जानकारी | २१ अक्टोबर २०१८ | | | |
| प्रदिबदता चन्दा संकलन प्रारम्भ | | ३० जून २०१९ | | |
| चन्दा संकलन समयावधि | | | ३० जून २०२० | |
| नेपाली घर/जग्गा खरिद कार्य साथै हस्तान्तरण गरिने समय | | | | डिसेम्बर २०२१ |

**२६. सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्ट नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमितिको गठन**

१) सगरमाथ गोर्खा/नेपाली समाजका मूल समितिको बैठकले चयन गर्ने छ।

२) नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमितिमा – संयोजक -१ उपसंयोजक -१ सजिब -१ सहसजिब -१ कोषाध्यक्ष -१ सहकोषाध्यक्ष -१ सदस्यहरु १५ गरि जम्मा २१ सदस्यहरु समितिमा रहने छन्। साथै चाहिएको खण्डमा आबस्यक पदहरु थप गर्न सकिनेछ।

**२७. सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्ट नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमितिको काम, कर्तब्य र अधिकार निम्नअनुसार हुनेछ।**

१) संयोजक

क. PPWC को नियमित बैठकहरु अध्यक्षता गर्ने।

ख. तोकिएको समय भित्र कार्य सम्पादन गर्ने गराउने।

ग. सगरमाथा गोर्खा/नेपाली समाजका मूल समिति र सल्लाहाकार समूह संग समन्वय गर्ने।

घ. प्रारम्भिक कोष संकलन नियम र कानून सम्मत व्याबहारिक योजनाको तर्जुमा गर्ने।

ङ. प्रत्यक चरणको योजनाको मुल्याङ्कन र समन्वय गर्ने।

च. आबस्यकता अनुसार बिज्ञहरुबाट परामर्श लिने।

छ. सम्पूर्ण प्रक्रियाको निरिक्षण गर्ने र तोकिएको अन्तिम समय बिन्दु भित्र सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्डलाई नेपाली घर/जग्गा हस्तान्तरण गर्ने ।

ज. नेपाली घर/जग्गा खरिदको निमित सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्डका सदस्यहरुलाई चन्दा प्रदान गर्न प्रोत्साहन गर्ने।

२)	सहसंयोजक

क.	संयोजकको अनुपस्थितिमा संयोजकको काम गर्ने।

ख.	तोकिएको कार्यहरु गर्ने।

३)	सचिब

क.	PPWC को आबस्यक चिठी पत्र तयार गर्ने।

ख.	PPWC को बैठकको एजेन्डाहरु तयार बनाउने साथै बैठक बोलाउने।

ग.	हरेक बैठकमा पारित गरिएका निर्णय विवरण (Minutes) लाई दुई हप्ता भित्र तयार गरि सम्पूर्ण सदस्यहरुलाई  वितरण गर्ने।

घ.	परियोजनाको बारेमा सम्पूर्ण सदस्यहरुलाई अबधिक जानकारी गराउने।

ङ.	नेपाली  घर/जग्गा खरिद तथा निर्माणको निमित सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्डका सदस्यहरुलाई चन्दा प्रदान गर्ने प्रोत्साहन गर्ने।

४)	सहसचिब

क.	सचिवको अनुपस्थितिमा सचिवको काम गर्ने।

ख.	तोकिएको अन्य कार्यहरु गर्ने।

५)	कोषाध्यक्ष

क.	स.गो.ने.स.को नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजना कोषाध्यक्षको जिम्मा लिने।

ख.	आश्फोर्ड बासी सगरमाथा गोर्खा/नेपाली समाजका सदस्यहरुबाट चन्दा रकम दिन मन्जुर भएका सदस्यहरुको संसोधित नामावली सुची राख्ने।

ग.	आश्फोर्ड बासी सगरमाथा गोर्खा/नेपाली समाजका सदस्यहरुबाट चन्दा रकम दिदै गरेका र दिईसकेका चन्दा दाताहरुको  नामावली सुची राख्ने ।

घ.	पआर्थिक कारोवारको निमित हस्ताक्षर गर्न इजाजत प्राप्त तोकिएको व्यक्तिहरु (कोषाध्यक्ष, मूल समितिका   अध्यक्ष,र महासचिब) को सामुहिक उपस्थिति बाट मात्र Sagarmatha Gurkha/Nepalese को बैंक खाताबाट कुनै पनि आर्थिक कारोबार हुनेछ ।

ङ.	हरेक हप्ता साथै महिनाको अन्त्यमा PPWC साथै  सबै सदस्यहरुलाई चन्दा रकमको बारेमा जानकारी गर्ने ।

च.	बार्षिक लेखा परिक्षणको लागि आय व्यय को अभिलेख राख्ने ।

छ.	सम्पूर्ण सदस्यहरुलाई चन्दा प्रदान गर्न प्रोत्साहन गर्ने ।

ज.	तोकिएका अन्य कार्यहरु गर्ने ।

६)	सहकोषाध्यक्ष

क.	कोषाध्यक्षको अनुपस्थितिमा कोषाध्यक्षको काम गर्ने ।

ख.	सम्पूर्ण सदस्यहरुलाई चन्दा प्रदान गर्न प्रोत्साहन गर्ने ।

ग.	तोकिएको अन्य कार्यहरु गर्ने ।

७)	सदस्य

क.	PPWC  कार्य समितिको बैठकमा नियमित उपस्थित भइ निर्णयमा भाग लिने ।

ख.	सम्पूर्ण सदस्यहरुलाई चन्दा प्रदान गर्न प्रोत्साहन गर्ने ।

ग.	अन्य तोकिएको काम गर्ने ।

८)	मोर्गेज एडभाइजर  उपसमिति

क.	आश्फोर्डमा नेपाली घर/जग्गा खरिद तथा निर्माणको लागि मोर्गेज मिलाउने।

ख.	मोर्गेजमा खरिद गर्दा फाइदा बेफाइदाको  बिषयमा PPWC लाई सल्लाह् दिने।

९)	जनसम्पर्क उपसमिति

क.	अन्य परोपकारी संस्था, ब्याबसायिक संस्था र ब्यक्तिह्रु सँग समन्वय गर्ने।

ख.	आबस्यकता अनुसार आश्फोर्ड बरो काउन्सिल अथवा स्थानीय सरकार सँग समन्वय गर्ने।

ग.	PPWC संयोजक सँग सह्कार्य गरि इच्छा पत्र मार्फत चन्दा प्रदान गर्ने दाताह्रु सँग सम्पर्क राख्ने।

घ.	PPWC संयोजक सँग सह्कार्य गरि Bussiness Plan बनाउने साथै स्थानीय सरकार लगायत  च्यारिटेबल संघ संस्थाह्रुमा चन्दाको लागि पेस गर्ने।

१०)	प्रचार प्रसार उपसमिति

क.	सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्टको  नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनाको बारे सूचना र जानकारी प्रदान गर्न कुनै योजनाको निर्माण गर्ने।

ख.	संचारका बिभिन्न सन्जालह्रुमा परियोजनाको बारेमा उचित र आबस्यक समाचार तथा भनाईह्रु मात्र सम्प्रेसन गर्ने।

ग.	संस्थाको मर्यादामा आँच आउने खालको बिबादित सुचना, जानकारी, लेख वा भिडियोह्रु सामाजिक सन्जाल वा अन्य संचार माध्यमह्रुमा सम्प्रेसन नगर्ने।

११)	मूल समिति, महिला समिति र युबा समिति

क.	सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्टको  नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनाको लागि आर्थिक सहयोग संकलन को प्रमुख भूमिका रहने।

ख.	सगरमाथा गोर्खा/नेपाली समाज आशफोर्ड केन्टको  नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनालाई सफल बनाउन सहि मार्ग निर्देशनको  सल्लाह दिने।

ग.	परियोजनाको बारेमा सम्पूर्ण सदस्यहरुलाई आवधिक जानकारी गराउने साथै सदस्यहरुलाई चन्दा प्रदान गर्न प्रोत्साहन गर्ने।

१२)	सल्लाहकार समिति

क.	सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्टको  नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनालाई सफल बनाउन सहि मार्ग निर्देशनको  सल्लाह दिने।

ख.	परियोजनाको बारेमा सम्पूर्ण सदस्यहरुलाई आवधिक जानकारी गराउने साथै सदस्यहरुलाई चन्दा प्रदान गर्न प्रोत्साहन गर्ने।

ग.	लक्षित समय भित्र कार्य सम्पादन गर्न संयोजक हरुलाई सल्लाह दिने।

## २८.	किस्तामा बुझाउने रकम चुक्ता हुन नसकेमा

अन्य कुनै कारणले कुनै दाताले कबोल गरे अनुसारको किस्ता रकम बुझाउनु नसकेमा कबोलित रकम भुक्तानी गर्ने सम्बन्धित व्यक्तिको परिवारका अन्य सदस्यहरु सँग सम्पर्क गरिने छ। तर सम्बन्धित व्यक्तिको परिवारका सदस्यहरुलाई सो रकम बुझाउने कुनै अनिबर्यता हुने छैन  । कबोल गरेको पुरा रकम भुक्तानी गर्न नसकेता पनि सम्बन्धित व्यक्तिले देखाएको सहयोग भावनाको उच्च  मुल्यांकन गरिने छ तर प्रतिबदता गरिएको रकमको बारे लिखित रहने छ।

## २९.	यदि नेपाली घर/जग्गा खरित तथा निर्माण गर्न नसकिएमा

आर्थिक अपर्याप्तता र उचित प्रकारको घर/जग्गा प्राप्त गर्न  नसकी नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजनामा ढिलाइ हुन गएमा वा खरिद गर्न नसकिएको अवस्थामा निम्न तीन बिकल्पहरुलाई अनुसरण गर्न सकिनेछ।

१)	प्रस्तावित जग्गाको मात्रा घटाउने।

२)	कोष रकम बृदि गर्न थप दुई बर्ष पर्खने।

३)	हल किन्न नसके लगानीको रुपमा ठुलो गार्डेन भएको घर सम्म भए पनि किनी राख्ने । अथवा जग्गा सम्म भए पनि किनी राख्ने ।

## ३०.	यस परियोजनाले लक्ष्य पुरा गरि सकेपछि

यस परियोजनाले नेपाली घर/जग्गा खरिद तथा निर्माण गर्ने आफ्नो लक्ष्य पुरा गरि सकेपछि मूल समिति र निर्माण उपसमितिहरुको संयुक्त कार्यमा यस भवनलाई ब्याबस्थापन गर्नको लागि नियमावली तयार गरी ब्यबस्थापन समिति गठन हुनेछ वा मूल समितिले नै सन्चालन गर्ने भनि मूल समितिको साधारण सभा वा अधिबेसनबाट सम्पूर्ण साधारण सदस्यहरुको बहुमतले दिएको निर्णय अनुसार कार्य सम्पादन गरिनेछ। तब सम्मको लागि घर/जग्गा खरिद तथा निर्माण उप-समितिले यसको ब्यबस्थापन गर्नेछ। ब्यबस्थापन समिति गठन गरि सकेपछि नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमिति स्वत: बिघटन हुनेछ।

## ३१.	सारांश

नेपाली घर/जग्गा खरिद तथा निर्माण परियोजना एउटा ऐतिहासिक कोसे ढुङ्गा हो जसलाई सफल पार्न मानसिक, शारीरिक र आर्थिक रुपले सबल हुन आबस्यक छ । यस परियोजनाले नेपाली समुदायको इतिहासमा एउटा नयाँ र सकारात्मक खण्डको शुरुवात गर्नुका साथै अन्य समाज र सांस्कृतिक समुदायहरु सँग सहकार्य गर्ने बातावरण सिर्जना गर्दछ । त्यसैले यस परियोजनालाई साकार पार्न हामी सम्पूर्ण नेपाली समाजका सदस्यहरु, शुभ-चिन्तक, सामाजिक परोपकारी संस्था र सरकारी संस्थाहरुलाई आर्थिक तथा भौतिक सहयोगको ठुलो अपेक्षाका साथै सहयोगका लागि हार्दिक अनुरोध गर्दछौ। यहाँहरुको उदार भावना र अमूल्य सहयोगले मात्र यो महान कार्य सफल हुनेछ।

यस्तो कठिन तर उपलब्धि मुलक परियोजना को जिम्मेवारी लिनु हाम्रो अहम कर्तब्य हो भन्ने कुरोमा हामी बिस्वास गर्दछौ। हामी यस कार्य प्रति एकजुट र समर्पित भएमा मात्र यस परियोजनाले पूर्णता पाउन सक्दछ। अहिले नै यस परियोजनामा ढिलाई गर्ने हो भने हामीले एउटा ज्यादै महत्वपूर्ण अवसर गुमाउने छौ।

हामीलाई पूर्णरुपमा बिस्वास छ कि यस कार्यले हामी र हाम्रा भावी पिँढीहरुलाई सहि मार्गमा हिड्न मदत गर्नेछ। हाम्रा सन्ततिहरुको निमित एउटा बलियो आधारशिला बसाल्ने यो उत्तम समय हो। समयको परिवर्तन सँगै सबै बस्तुको मुल्यमा बृदि हुँदै जान्छ। त्यसैले हामी सबै एकजुट भएर यस महान कार्यलाई समयमै सफल पार्न यहाँहरुलाई हार्थिक अनुरोध गर्दछौ।

## ३२.	प्रारम्भिक कोष संकलन नियम को अनुमोदन

निम्न समितिका व्यक्तिहरु द्वारा प्रारम्भिक कोष संकलन नियमका नीति र प्रक्रियाहरुको अध्ययन र अनुमोदन गरिएको छ।

घर/जग्गा खरिद तथा निर्माण उपसमिति

| क्र. सं. | पद/जिम्मेवारी | व्यक्ति |
|---|---|---|
| १ | संयोजक | नरेन्द्र कुमार लिम्बु |
| २ | सहसंयोजक | नानीबाबु मगर |
| ३ | सचिब | पोपीराज राई |
| ४ | सहसचिब | शोभराज गुरुङ |
| ५ | कोषाध्यक्ष | श्रीप्रसाद लिम्बु |
| ६ | सहकोषाध्यक्ष | तारामणि मगर |
| ७ | सदस्य | झक छन्त्याल |
| ८ | सदस्य | उतर मगर |
| ९ | सदस्य | शान्ता गौचन |
| १० | सदस्य | चन्द्रावती राई |
| ११ | सदस्य | राजदेबी गुरुङ |
| १२ | सदस्य | भास्कर तितुंङ |
| १३ | सदस्य | सुबर्ण ताम्राकार |
| १४ | सदस्य | प्रश्न राई |
| १५ | सदस्य | देबी बहादुर जिमी |
| १६ | सदस्य | साना शेर्पा |
| १७ | सदस्य | टंक प्रसाद लिम्बु |
| १८ | सदस्य | गोकुल लिम्बु |
| १९ | सदस्य | नबिन भण्डारी |
| २० | सदस्य | बलराम गुरुङ |
| २१ | सदस्य | चित्र बहादुर सुनुवार |

घर/जग्गा खरिद तथा निर्माण सल्लाह्कार उपसमिति

| क्र. सं. | पद/जिम्मेवारी | व्यक्ति |
|---|---|---|
| १ | सल्लाहकार | सिरी लिम्बु |
| २ | सल्लाहकार | धन कनुवार |
| ३ | सल्लाहकार | पशुपति भण्डारी |
| ४ | सल्लाहकार | गोबिन्द बाबू राई |
| ५ | सल्लाहकार | तुल छन्त्याल |
| ६ | सल्लाहकार | संतोष थालंङ |
| ७ | सल्लाहकार | किरण राई |
| ८ | सल्लाहकार | लोकेन्द्र तबेबुंङ |
| ९ | सल्लाहकार | पबित्रामान शाक्य |
| १० | सल्लाहकार | ड़ा. प्रदिप बसनेत |
| ११ | सल्लाहकार | नरेन्द्र राई |
| १२ | सल्लाहकार | धन रोगू |
| १३ | सल्लाहकार | किशोर गुरुङ |
| १४ | सल्लाहकार | गणेश इजम |
| १५ | सल्लाहकार | भिस्मराज गुरुङ |

घर/जग्गा खरिद तथा निर्माण जनसम्पर्क  उपसमिति

| क्र. सं. | पद/जिम्मेवारी | व्यक्ति |
|---|---|---|
| १ | संयोजक | नानिबाबू मगर |
| २ | सहसंयोजक | सुभाष श्रेस्ठ |
| ३ | सहसंयोजक | भिस्मराज |

घर/जग्गा खरिद तथा निर्मार्ण मोर्ग्रेज एड्भाइजर उपसमिति

| क्र. सं. | पद/जिम्मेवारी | व्यक्ति |
|---|---|---|
| १ | संयोजक | सिरी लिम्बु |
| २ | सहसंयोजक | रमेश सरंगकोटी |
| ३ | सहसंयोजक | गणेश लिम्बु |

घर/जग्गा खरिद तथा निर्माण प्रचार प्रसार उपसमिति

| क्र. सं. | पद/जिम्मेवारी | व्यक्ति |
|---|---|---|
| १ | संयोजक | नरेन्द्र लिम्बु |
| २ | सहसंयोजक | पोपीराज राई |
| ३ | सहसंयोजक | दिपेन्द्र राई |

मूल समिति

| क्र. सं. | पद/जिम्मेवारी | व्यक्ति |
|---|---|---|
| १ | अध्यक्ष | चक्र बहादुर राई |
| २ | प्रमुख उपाध्यक्ष | काप्रसाद छन्त्याल |
| ३ | उपाध्यक्ष | डम्मर सिंघक |
| ४ | उपाध्यक्ष | सिता पुन/ मगर |
| ५ | महासचिब | राम प्रसाद लिम्बु |
| ६ | सचिब -१ | चिरान राई |
| ७ | सचिब -२ | ध्यान बहादुर राई |
| ८ | कोषाध्यक्ष | मोहन लिम्बु |
| ९ | सह कोष अध्याक्ष | माला राई |
| १० | सहकोषाध्यक्ष | देउ कुमार चोंगबाङ लिम्बु |
| ११ | कल्चरल  सचिब | बि सी राई |
| १२ | सह कल्चरल सचिब | सुष्मा लिम्बु |
| १३ | सह कल्चरल सचिब | शंध्या गुरुङ |
| १४ | मिडिया सचिब | बलजित लिम्बु |
| १५ | सह मिडिया सचिब | राम श्रेष्ठ |
| १६ | पी. आर . | राई बहादुर लिम्बु |
| १७ | सह पी.आर | बेन कुमार आशामी |
| १८ | सपोर्ट सचिब | तुलबीर लिम्बु |
| १९ | सह सपोर्ट सचिब | राजेन्द्र नेम्बांङ |
| २० | प्रोपर्टी सचिब | फूलमान तामांङ |
| २१ | सह प्रोपर्टी सचिब | चित्र बहादुर सुनुवार |
| २२ | सदस्य | जगतबहादुर राई |
| २३ | सदस्य | दिपेन्द्र राई |
| २४ | सदस्य | खगेन्द्र राई |
| २५ | सदस्य | सम्भु थापा |
| २६ | सदस्य | दिप प्रकाश राई |
| २७ | सदस्य | मिंग्मा नुरी शेर्पा |
| २८ | सदस्य | देबिन्द्र कुमार गुरुङ |
| २९ | सदस्य | जीब पाण्डे |

महिला समिति

| क्र. सं. | पद/जिम्मेवारी | व्यक्ति |
|---|---|---|
| १ | अध्यक्ष | बसुन्धारा राई |
| २ | प्रमुख उपाध्यक्ष | सरला राई |
| ३ | उपाध्यक्ष | बसिमाया लिम्बु |
| ४ | सचिब | बिमला लिम्बु |
| ५ | सह सचिब | रोमा परियार |
| ६ | कोषाध्यक्ष | उमा गुरुङ |
| ७ | सहकोषाध्यक्ष | प्रेम कुमारी गुरुङ |
| ८ | कल्चरल सचिब | कल्पना राई |
| ९ | सह कल्चरल सचिब | शारदा पुन |
| १० | पी.र. सचिब | हेमा लिम्बु |
| ११ | सदस्य | शान्ति लिम्बु |
| १२ | सदस्य | अस्मिता माला |
| १३ | सदस्य | पुजा राई |
| १४ | सदस्य | रेवान्ति देवान |
| १५ | सदस्य | एनि लामा लिम्बु |
| १६ | सदस्य | जया राई |
| १७ | सदस्य | अलिशा राई |
| १८ | सदस्य | रिता लिम्बु |
| १९ | सदस्य | रन्जु राई |
| २० | सदस्य | बिपना गुरुङ |
| २१ | सदस्य | टीकामाया राई |
| २२ | सदस्य | निर्मला राई |
| २३ | सदस्य | सरस्वती लिम्बु |
| २४ | सदस्य | भुवानी सुनुवार |
| २५ | सदस्य | एरोरा घले |
| २६ | सदस्य | कमला लिम्बु |
| २७ | सदस्य | राधिका लामा |

युवा समिति

| क्र. सं. | पद/जिम्मेवारी | व्यक्ति |
|---|---|---|
| १ | अध्यक्ष | दावा शेर्पा |
| २ | प्रमुख उपाध्यक्ष | शिखर लिम्बु |
| ४ | सचिब | शिशिर लिम्बु |
| ६ | कोषाध्यक्ष | सन्दीप राई |
| ११ | सदस्य | मिक्सा हाङ्मा लिम्बु |
| १२ | सदस्य | हाङ्मा लिम्बु |

---

## प्रस्तोता:

**नरेन्द्र कुमार मबोहांग (लिम्बू)**
**संयोजक**
**नेपाली घर/जग्गा खरिद तथा निर्माण उपसमिति**
**सगरमाथा गोर्खा/नेपाली समाज आश्फोर्ड केन्ट**